बकैयालाई मकवानपुर जिल्लास्तरीय खुल्ला कराते प्रतियोगिताको उपाधि । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-४२ ● २०८१ वैशाख १७ गते सोमबार, ● 29 April, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहाबाट बसाईसरी जानेको संख्या बढ्यो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाबाट बसाइसरी जाने नागरिकको तथ्याङ्क चुनौतिपूर्ण देखिएको छ । पर्यटकीय नगरीको रूपमा रहेको थाहा नगरपालिकामा जनता टिकाउनै मुस्किल भएको तथ्याङ्कले देखाएको छ । थाहा नगरपालिका एमआइएस सेवा ईकाईको तथ्याङ्क अनुसार विगत ४ वर्षमा बसाइइसरी आउनेको तुलनामा बसाइसरी जानेको तथ्याङ्क तीन गुणा बढि रहेको छ ।

एमआइएस सेवा इकाई प्रमुख रूपक कार्कीका अनुसार वि.सं. २०७७ सालदेखि २०८० सालसम्म पालिकामा जम्मा ९० परिवारका २ सय ९२ जना बसाइसरी आएका छन् । सोही अवधीमा २ सय ८८ परिवारको १ हजार ७२ सदस्य बसाइसरी अन्यत्र गएका छन् । सबैभन्दा बढि बसाईसरी जाने जाने २ नम्बर वडाका नागरिक रहेका छन् । ४ वर्षमा २ नम्बर वडाका ५६ परिवारका २ सय ३५ सदस्यले गाउँ छाडेका छन् । दोस्रोमा ७ नम्बर वडाबाट ३३ परिवारका १ सय १७ जना र तेस्रोमा ५ नम्बर वडाका २७ परिवारका ८१ जना बसाइसरी वडा छोडेका छन् । सबैभन्दा कम बसाई सराई हुने वडा भने ८ नम्बर रहेको छ । ८ नम्बर वडाबाट ४ वर्षमा जम्मा ९ परिवारका ३३ जना मात्र बसाइसरी गएका छन् ।

बसाइसरी आउनेको तथ्याङ्क भने निकै कमजोर छ । यद्यपि बसाइ सरी आउनेहरूको रोजाइको वडा भने ६ नम्बर रहेको छ । चार वर्षमा कुल बसाइ सरी आएका ९० परिवार मध्ये २१ परिवार ६ नम्बर वडामै आएका छन् । दोस्रोमा १ नम्बर वडा रहेको छ । यस वडामा १२ परिवारका ४८ जना अन्यत्रबाट बसाइसरी आएका छन् । त्यस्तै ११ परिवारका ४५ जना बसाईसरी आएको ३ नम्बर वडा तेस्रो रोजाईमा परेको छ ।

बसाईसरीको वार्षिक तथ्याङ्क हेर्ने हो भने थाहा नगरपालिकामा २०७७ सालमा ११ परिवार बसाईसरी आएका छन् । सोही वर्षमा ६४ परिवार अन्यत्र गएका छन् । तथ्याङ्क अनुसार २०७८ सालमा ३७ परिवार बसाईसरी आउँदा ७७ परिवार बसाइसरी गएका छन् । २०७९ सालमा २५ परिवार बसाइसरी आएका छन् भने ९३ परिवार बसाई सरी गएका छन् । त्यसैगरी वि.सं. २०८० सालमा १७ परिवार बसाईसरी आउँदा ५६ परिवार बसाईसरी गएको तथ्याङ्क रहेको फिल्ड सहायक अच्युत विडारीले जानकारी दिए ।

## पर्यटकीय क्षेत्र चित्लाङमा १ सय १० वर्ष पुरानो घर !

# घरको छानामा भिक्टोरियाको तस्विर

विकास संवाददाता
थाहानगर



सम्पदाको सूचक

काठमाडौँको चन्द्रागिरीबाट मकवानपुरको चित्लाङतर्फ झर्दै गर्दा मानव बस्ती सुरू हुनेबित्तिकै दायाँपट्टि ढुंगा छापेको गोरेटो देखिन्छ । त्यो गोरेटोबाट करिब सय मिटरजति अगाडि एउटा ऐतिहासिक ढुंगेधारा छ । यो त्यही ढुंगेधारा हो, जहाँ बसेर महाकवि लक्ष्मीप्रसाद देवकोटाले उनको बहुचर्चित कविता 'यात्री' रचना गरेका थिए ।

गुर्जुधारा नामले परिचित यो ढुंगेधाराको ठिक अगाडि झन्डै ११० वर्ष पुरानो घर छ । तर, अब यो घर होइन, भग्नावशेषमा परिणत हुने क्रममा छ । ढुंगाको गारो भएको यो घर २०७२ सालको भूकम्पपछि झ्यालढोका समेत खुल्न नसक्ने अवस्थामा छ । छानो पनि एकातिर ह्वांगै छ । झ्यालका कलात्मक बुट्टाहरू भने संरक्षणको पर्खाइमा छन् ।

तर, यहाँ आइपुग्ने जोकोहीको ध्यान घरका अन्य भाग वा झ्यालका बुट्टाभन्दा पनि छानोमा रहेका टिनका पातामा पुगेर अडिन्छ । यी टिनका पाताहरू साधारण जस्तापाता होइनन्, यिनमा एउटा महिला आकृति कुँदिएको छ । शिरमा ताज पहिरिएको यो आकृतिलाई कतिपयले बेलायती महारानी एलिजावेथ भनेका छन् । तर, पुस्तौँदेखि गुर्जुधाराकै अघिल्तिरको घरमा बस्दै आएका बुद्धरत्न मानन्धर भन्छन्, 'यो महारानी भिक्टोरियाको तस्बिर हो ।'

१९७० सालतिर आफ्ना बाजे भाइचा मानन्धरले बनाएको घरको भग्नावशेष देखाउँदै उनले भने, 'बाजेले त्यतिबेला घर बनाउँदैदेखि यो छानो प्रयोग भएको हो ।' त्यो समय बेलायती महारानी भिक्टोरियाको निधन भएको भर्खरै १२ वर्षजति भएको थियो । एलिजावेथ द्वितीयको जन्म त्यसको झन्डै १३ वर्षपछि मात्र भयो । यस अर्थमा पनि मानन्धरले भनेजस्तै यो महारानी भिक्टोरियाकै तस्बिर भएकामा अन्य स्थानीय पनि सहमत छन् ।

चित्लाङका छानाछानासम्म महारानी भिक्टोरियाका तस्बिर अंकित ती टिनका पाता कहाँबाट आइपुगे त ? मानन्धरका अनुसार ती टिनका पाता बाकसका रूपमा चित्लाङसम्म आइपुगेका हुन् । यातायातका माध्यमको विकास भइनसकेको त्यो समयमा राजधानी काठमाडौँ प्रवेश गर्ने एकमात्र विकल्प भीमफेदी-चित्लाङ मार्ग हुँदै थियो । चित्लाङ, काठमाडौँको मात्र नभई गोरखासम्मका मानिसले दैनिक उपभोग्य सामग्री भित्र्याउने मार्ग थियो ।

नेपालमा राणाहरूको उदयसँगै भारतमा शासन गरिरहेका अंग्रेजहरूको नेपाल प्रवेश औपचारिक रूपमै सुरू भइसकेको थियो । विभिन्न समयमा अंग्रेजहरूको ठुलो जत्था भीमफेदी-चित्लाङ रूट हुँदै काठमाडौँ प्रवेश गर्ने गरेको थियो । यसको वर्णन कर्कपेट्रिकको 'एन अकाउन्ट अफ द किङडम अफ नेपाल' देखि एरिका ल्युकट्यागको 'एरिका एन्ड किङ त्रिभुवन' लगायत किताबमा पनि पाउन सकिन्छ ।

अंग्रेजहरू काठमाडौँ प्रवेश गर्दा ठुलो समूहमा आउँथे । उनीहरूको तराईदेखि काठमाडौँको यात्रा हप्तौँको हुन्थ्यो । उनीहरूले आफ्ना लागि रासनको बन्दोबस्त पनि भरिया लगाएर साथैमा गरेर आउँथे । विशेषतः 'ड्राइफुड'का सौखिन बेलायतीहरूले आफ्ना लागि तयार गरिएको रासन लामो समयसम्म सुरक्षित राख्न टिनका बाकसमा लिएर आउँथे । 'अंग्रेजहरू भारतमा साम्राज्य फैलाएर बस्दा हरेक कुरामा आफ्नो छाप छोड्न चाहन्थे । त्यसै क्रममा बिस्कुटका टिनमा पनि महारानी भिक्टोरियाको तस्बिर अंकित गरेको हुनुपर्छ,' मानन्धरले भने । हप्तौँ लगाएर चित्लाङसम्म आइपुग्दा कैयौँ टिनका बाकस रित्तिसकेका हुन्थे । खाली बाकसहरू भरियाहरूले चित्लाङ वरपर छाडेर जान थाले । त्यही बाकसलाई काटेर चित्लाङबासीले खरको सट्टा टिनले छानो छाउन थालेका थिए ।

अहिले जतातत‌ै जस्ताको प्रयोग बढ्दै जाँदा एकाध घरमा मात्र त्यतिबेलाका टिनका छाना बाँकी छन् । मानन्धरले महारानी भिक्टोरियाको स्पष्ट आकृति देखिने एउटा पाता भने फ्रेममा सजाएर आफ्नो 'गुर्जुधारा होमस्टे'को भित्तामा झुन्ड्याएका छन् ।

चित्लाङको स्वच्छन्द भैरव माध्यमिक विद्यालयका संस्थापक प्रधानाध्यापक समेत रहेका मानन्धरलाई यी पुरातात्विक सम्पदामा परिणत भइसकेका सामग्रीहरूको संरक्षण हुनुपर्छ भन्ने लाग्छ । तर, स्थानीय सरकारबाट भनेजस्तो पहल र केन्द्रबाट आवश्यक तदारूकता नदेखिँदा उनी थोरै निराश पनि देखिन्छन् ।

थाहा नगरपालिका-९ मा पर्ने यस क्षेत्रमा अरू थुप्रै ऐतिहासिक तथा धार्मिक पुरातात्विक महत्वका सामग्री र स्थल छन् । स्थानीय सरकार पनि पुरातात्विक महत्वका क्षेत्रमा के कसरी अघि बढ्ने भन्नेमा अन्योलमै छ । वडाध्यक्ष राजकुमार बलामीले पुरातत्व विभागले ठोस निर्णय दिन नसक्दा आफूहरूले चाहेर पनि केही गर्न नसकिएको गुनासो गरे । 'हामी आफैँ काम गर्छौँ नि त भन्दा हुँदैन भन्छन्, आफैँ पनि केही गरिहाल्दैनन्,' बलामीले भने ।

सोही वडामा रहेको ऐतिहासिक पाटी र शिवालयको जीर्णोद्धार भर्खरै सकिए पनि त्यहाँका मूर्ति चोरी हुनबाट बचाउन सकिएन । अन्य थुप्रै भौतिक संरचना संरक्षणको अभावमा बेवारिसे जस्तै बनेका छन् । 'सय वर्ष नाघेपछि कुनै पनि संरचना पुरातात्विक महत्वको हुन्छ,' मानन्धर भन्छन्, 'अब यी थोत्रा टिनका टुक्रा जोगाउन कसको ध्यान पुग्नु ?'

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं ।
- सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर



# • सम्पादकीय •

## नागरिकका लागि आधारभूत स्वास्थ्य

राज्यले नागरिकको स्वास्थ्यको रक्षा गर्न गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ तर कुन सेवा आधारभूत हो र कुन होइन भन्नेमा नामगरिकमा रहेको अन्योल विस्तारै अन्त्य गर्नुपर्दछ । सामान्य मात्र नभएर शिक्षित नागरिकसमेत आधारभूत स्वास्थ्य सेवा प्राप्तिको अधिकारबाट वञ्चित हुने गरेको उदाहरणहरु छन् । नेपालको नयाँ संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, जनस्वास्थ्य सेवा ऐन २०७५, राष्ट्रिय स्वास्थ्य नीति २०७६, जनस्वास्थ्य नियमावली २०७७, नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०७९-२०८७, आधारभूत स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी कार्यविधि २०७९ ले आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गरेका छन्। जनस्वास्थ्य सेवा ऐन २०७५ बमोजिम नौवटा क्षेत्र आधारभूत स्वास्थ्य सेवाभित्र पर्छन्। सोहीअनुसार खोप सेवा, एकीकृत नवजात शिशु, बालरोग व्यवस्थापन, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, मातृशिशु तथा बाल स्वास्थ्य, सरुवा रोग, नसर्ने रोग तथा शारीरिक विकलांगता, मानसिक रोग, ज्येष्ठ नागरिक, सामान्य आकस्मिक अवस्था, स्वास्थ्य प्रवर्धन, आर्युवेद तथा परम्परागत स्वास्थ्यसम्बन्धी सेवाहरू आधारभूतमा समावेश छन्।खोप सेवाअन्तर्गत नियमित खोपका साथै गर्भवती महिलाका लागि खोप, धनुष्टंकार विरुद्धको खोप, एचपिपिभी खोप सेवा समावेश छन्।

त्यसैगरी शिशु तथा बालरोग व्यवस्थापनअन्तर्गत नवजात संक्रमण, निसास्सिएको नवजात शिशु, शीतांग सेवा, कमलपित्त, समय नपुगी जन्मेका शिशु, स्तनपान तथा पोषण, नाभिसम्बन्धी सेवा छन्। रगतमा ग्लुकोजको कमी, जन्मजात विकलांगता, दुई महिनादेखि पाँच वर्षसम्मका बालिकाको स्याहार, शीघ्र श्वासप्रश्वास संक्रमण, निमोनिया, औलो, दादुरा, कुपोषण, कानको संक्रमण, पोषण तथा कुपोषण परामर्श, आमाको स्तनपान गराउन पोषण परामर्श सेवा पनि त्यसैमा पर्छन्। त्यसैगरी पोषणसम्बन्धी सेवामा शीघ्र कुपोषणको सूक्ष्म पोषण प्रकृति, पाँच वर्षमुनिका बालबालिकाका लागि भिटामिन 'ए', गर्भवती र सुत्केरीका लागि आइरन चक्की, गर्भवतीका लागि जुकाको औषधि, शरीरको तौल तथा उचाइ मापन कार्यक्रम समावेश छन्। परिवार नियोजनभित्र कन्डम वितरण, गर्भनिरोधक चक्की, गर्भनिरोधक सुई, गर्भपतन, प्रजनन स्वास्थ्य तथा महिलामा हुने क्यान्सरसम्बन्धी जाँच, आङ खस्ने समस्या, प्रजनन फिस्टुला तथा परामर्श, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सरको जाँच, किशोरकिशोरीका लागि परामर्श सेवा समावेश छन्। त्यसैगरी आँखामा हुने संक्रमण, त्यसको प्रारम्भिक निदान, कानमा संक्रमण, मुखभित्रको घाउ वा संक्रमण, पिसाब नलीबाट पिप आउन रोगको परामर्श तथा प्रेषणका साथै योनिबाट अनावश्यक तरल पदार्थ बग्ने, यौनजन्य अंगमा घाउ आउने, काँछको लिम्बग्रन्थी सुन्निने समस्यासम्बन्धी सेवालाई पनि आधारभूतमै समावेश गरिएको छ।

नसर्ने रोग तथा शारीरिक विकलांगताभित्र मधुमेह, दीर्घकालीन अवरोधात्मक, दम तथा श्वासप्रश्वासजन्य रोग, हाडजोर्नीसम्बन्धी रोग, अम्लपित्त, आँखासम्बन्धी रोगको प्रारम्भिक उपचारपछि रेफर गर्ने व्यवस्था छ। मानसिक रोगअन्तर्गत मानसिक स्वास्थ्य समस्याको प्रारम्भिक निदान र प्रेषण, मदिरा तथा लागुपदार्थ दुर्व्यसनीको निदान तथा रेफर गर्ने व्यवस्था पनि आधारभूत स्वास्थ्य सेवामा पर्छन्। ज्येष्ठ नागरिकका हकमा सुरुको पहिचान, पोषण र स्वास्थ्य प्रवर्धन सेवा आधारभूतभित्र पर्छन्। उल्लिखित सेवाभित्र ९८ थरीका औषधि निःशुल्क उपलब्ध गराउने र १८ वटा औषधिजन्य सामग्री खरिद गर्न पाउने व्यवस्था छ। त्यसभित्र पनि कतिपय औषधि स्थानीय सरकारले खरिद गर्न पाउने र कतिपय नपाउने व्यवस्था छ। यि सबै सेवाको विषयमा नागरिकहरुलाई जानकारी गराउनु आवश्यक छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सन्तानलाई संस्कार कि सम्पत्ति ?



◆ श्रीप्रसाद देवकोटा

छिमेकी घरमा ठूलो भीड थियो । घटना बुझ्न म पनि पुगें। बाबु-छोराको झगडा रहेछ । कक्षा ९ मा अध्ययनरत र हँदा बाबुले छोरालाई एसईई सकेपछि मोटरसाइकल किनिदिने वाचा गरेका रहेछन् । परीक्षा सकिसकेपछि छोराले बाबुको उक्त वाचा पटक-पटक सम्झाएको रहेछ। तर मोटरसाइकल नकिनिदिएपछि सामान्य भनाभनमा छोराले गेटमा रहेको इँटाले बाबुलाई प्रहार गरेको रहेछ ।

म पुग्दा छिमेकीहरू, रामप्रसाद र कविले छोरालाई समातिराखेका थिए । आमाले बाबुको दाहिने हातको हत्केलाको घाउ सफा गर्दै थिइन् । छोरो चिच्याउँदै थियो, 'मेरा साथीहरूको बाबा-मामुले जे जे भन्यो त्यही किन्दिनुहुन्छ । उनीहरूलाई 'फ्रिडम' र 'च्वाइस' छ। मलाई सानोमा होस्टल र अहिले घरमै थुनेर राख्ने ? समय, साथ र भनेको पुऱ्याउन नसक्नेले मलाई किन जन्माएको ? मलाई सानोमा किन नमारिदिएको ?' एकैछिनमा प्रहरीको भ्यान आइपुग्यो । बाबुले प्रहरीलाई सबै घटनाको विस्तार लगाए र छोरालाई केही दिन चौकीमा लगेर सजाय दिन लगाए ।

सन्तानको रूपमा रहेको एक्लो छोरालाई चौकी पठाएपछि उक्त दम्पती पछुताउन थाल्यो । आफ्ना सबै दुःखकष्ट लुकाएर छोराको कुनै पनि रहर र चाहना पूरा गरेको कारण आज यो घटना घटेको बताए। पेशाले श्रीमान् विश्वविद्यालयका सहप्राध्यापक र श्रीमती गैरसरकारी संस्थामा बालबालिका सम्बन्धी परियोजनाको संयोजक रहिछन् ।

बाबु भन्दैथिए, 'परिवार शिक्षित भए तापनि सन्तानलाई संस्कार दिन नसक्दा जुनसुकै समयमा पीडा र चोटले पिरोलिनुपर्ने रहेछ । उमेरले म ५५ पुगें । आजसम्म मैले करिब दश हजार विद्यार्थीलाई पढाएँ होला । मैले उत्पादन गरेका विद्यार्थीहरू आज कहाँकहाँ पुगेका छन् । मुलुकको नेतृत्व सम्हाल्नेदेखि लिएर डाक्टर, इन्जिनियरसम्म बनेका छन् । तर आफ्नै सन्तानलाई शिक्षा र संस्कार दिन नसकेको रहेछु। छिमेकीहरूको तडकभडकसँग प्रतिस्पर्धा गर्ने होडबाजीले एक्लो सन्तानलाई पुलिस चौकी पठायौं।'

छोराका स-साना कमजोरी र गल्तीहरू विगतदेखि नै ढाकछोप र प्रश्रय दिएका कारण सन्तानले गल्ती महसुस गर्ने कुनै समय नपाएको उनीहरूले अहिले आएर महसुस गरे । 'हामीले बाल्यकालमा भोगेको अभावको छायाँ उसमा पर्न दिएनौं । उसले सानो गल्ती गर्दा श्रीमतीले गाली गर्दा मैले बचाउने, मैले गाली गर्दा श्रीमतीले बचाउँदाको प्रतिफल आज भोग्नुपऱ्यो।' उनीहरू भविष्यमा सन्तानले दुःख पाउँछ कि भनी रातदिन नभनी उसैका लागि सम्पत्ति जोड्न लागिपरेका दिनहरू सम्झन थाले । उनीहरू दुवै व्यस्त भएका कारण छोरालाई सानै उमेरमा होस्टल राखिदिए । मुस्किलले १५ दिनमा आलोपालो भेट्न जान्थे । सुरूका दिनमा अभिभावकको काख छोड्दा ऊ घण्टौं रून्थ्यो रे !

'लामो समय होस्टल बसेको हाम्रो सन्तानमा घर फर्केपछि माया, प्रेम र सद्भाव केही पनि थिएन । सानो सानो कुरामा झर्कने, कराउने र झगडा गर्नु सामान्य बन्न थाल्यो' ती बुवा भन्दैथिए, 'जतिबेला उसलाई अभिभावकको माया, प्रेम र सद्भाव चाहिने थियो, उसलाई होस्टलको पिंजडामा थुन्यौं ।' उनीहरू अहिले स्वीकार्दै छन् कि छिमेकमा सम्पन्न, ठूलो र रवाफ देखाउन खोज्दा सन्तानलाई बिगारेछौं। उसलाई सामाजिक प्राणी बनाउन भन्दा पनि हाम्रो इज्जत र प्रतिष्ठा जोगाउने स्वार्थले सन्तानलाई अपराध कर्मतर्फ उद्यत हुन बाध्य बनायौं। उनीहरू हामीले पो अपराध गरिरहेका रहेछौं भन्दै छाती पिट्दै रून थाले ।

माथि अभिभावकले भनेको तथ्य आजको हाम्रो वास्तविकता हो । जब बच्चा दुई वर्ष पुग्न थाल्छ, अभिभावकहरू सकेसम्म दिनभरि बच्चा राखिदिने मन्टेसरी खोज्न थाल्छन् । आफूहरू स्वतन्त्र भएर दिनभर काम गर्न चाहन्छन् ।

पैसा जति महँगो भए पनि अबेरसम्म बच्चा राखिदिने मन्टेसरीमा बच्चालाई भर्ना गर्छन् । परिवारको माया-ममता र पारिवारिक संस्कार सिक्ने समयमा अबोध बच्चा मन्टेसरीमा लग्छौं । बाबु आमाको काखमा खेलेर बस्ने बाल उमेर गह्रूङ्गो झोला बोकाएर ८/८ घण्टा विद्यालयमा थुन्छौं । शिक्षक शिक्षिकाहरू पनि बच्चालाई मानवीय आचरण, माया-ममता सिकाउने भन्दा पनि रटाउने र घोकाउनेमा जोड दिन्छन् । यसको कारण बच्चाको प्राप्ताङ्कले शिक्षक र स्कुलको सफलतालाई नापिन्छ ।

अर्कोतर्फ जुन विद्यालयमा अंग्रेजी विषयमा पठनपाठन गराइन्छ, त्यही विद्यालय रोजिन्छ। विद्यालयहरूले पनि विदेशी पाठ्यक्रम, पाठ्यपुस्तक र गोरो शिक्षण विधि देखाएर बढीभन्दा बढी विद्यार्थी भर्ना गर्छन्। आज न त पाठ्यक्रम र पाठ्यपुस्तकमा हाम्रो माटो र सामाजिक मूल्यमान्यताका विषयवस्तु समेटिएको छ न त शिक्षकको शिक्षण विधिमा हाम्रोपन ।

जब घरमा बच्चा आउँछ, अभिभावकहरू कति अंग्रेजी बोल्न जान्यो, कति जोडघटाउ सिक्यो, नयाँ नयाँ ऱ्याम्स कति भन्न सक्यो इत्यादि मापन गर्छौं । गृहकार्यमा कति नम्बर ल्यायो हेर्छौं । विषयवस्तु के छ, त्यता ध्यान दिंदैनौं । बच्चा झगडा गरे वा आफू कुनै काममा व्यस्त भए बच्चालाई मोबाइलमा कार्टुन लगाइदिन्छौं । बच्चाको सिर्जनात्मकता कहिल्यै बुझ्ने प्रयास गर्दैनौं । बोझिलो र टाइ र घोकाइ बाध्यता बनाउँछौं । न त स्कुलमा सामाजिक आचरण, मान, सम्मान सिकाइन्छ न त परिवारमा ।

अर्कोतर्फ आफ्ना सन्तानहरूको कुनै कमजोरीहरू भन्न रूचाउँदैनौं। जमघटहरूमा आफ्नै सन्तानहरूको तारिफ मात्र गर्छौं। जसरी हुन्छ आफ्नो सन्तानको सफलता सुनाउँछौं। बच्चाले आफ्नो कमजोरी थाहा पाउने र सच्चिने कुनै मौका पाउँदैन ।

परीक्षा होस् वा खेलकुद अभिभावकदेखि स्कुल र शिक्षकहरूको आफ्ना सन्तान र पात्रहरूको सफलता हेर्छौं। जसरी भए पनि आफ्नो सन्तान वा पात्र प्रथम हुनैपर्ने, जित्नै पर्ने दबाब सिर्जना गर्छौं । अरू साथी लडोस्, पल्टोस् कुनै ख्याल नराखी आफ्नो बच्चालाई जित्नका लागि सिकाउँछौं । बच्चाले पनि जबरजस्त आफ्नो क्षमता अनुसार नतिजा निकाल्छ । साथीको दुःख, सुख, अप्ठ्यारो, सहजता कुनै प्रवाह राख्दैन। साथीलाई कुल्चेर, नाघेर जसरी हुन्छ उसले जित्नुपर्छ ।

परिवारभित्रै सन्तानहरूबीच शैक्षिक उपलब्धिको प्रतिस्पर्धा गराउँछौं। छिमेकमा आ-आफ्ना सन्तानको शैक्षिक उपलब्धि परिवारको मानसँग तुलना गराउँछौं। समाजले पनि बच्चाको प्राप्ताङ्कमा परिवारलाई सम्मान र सद्भाव प्रकट गर्दछ । विद्यालयहरू पनि यही कुरा बुझेर परिवारलाई खुसी पार्न बच्चाको वास्तविक प्राप्ताङ्क भन्दा पनि थपघट गरेर नतिजा प्रकाशन गर्छन्। यसले बच्चाको सिक्नुपर्ने कुराहरू, वास्तविक क्षमता, कमजोरी र सुधारका बाटाहरू ओझेलमा पर्छन् । परिवारदेखि मन्टेसरी हुँदै विश्वविद्यालयसम्मै यही प्रक्रियामा बच्चाले आफूलाई विकास गर्छ । उक्त बच्चा विश्वविद्यालयबाट दीक्षित भएर देशका लागि केही गर्ने समयमा पुग्छ । तब सबै आफ्नै लागि मात्र सोच्न थाल्छ । कसरी म सफल हुने, कसरी मैले मनग्य धनसम्पत्ति कमाउने, कसरी म साथीहरू भन्दा अगाडि हुने इत्यादि सोच्न थाल्छ । आफ्नो सफलतालाई परिवार र समाजको सफलता देख्न थाल्छ। परिवार र सामाजिक उत्तरदायित्व भन्दा पनि व्यक्ति केन्द्रित स्वार्थमा लिप्त हुन्छ। आफ्नो उद्देश्य प्राप्तिको लागि कुनै कसर बाँकी राख्दैन। बच्चाले न त परिवारमा सामाजिक आचरण सिक्न पाउँछ न विद्यालय न त विश्वविद्यालयमा। आज हाम्रो परिवार, समाज, विद्यालय, विश्वविद्यालयहरू अत्यन्तै स्वार्थी, व्यक्ति केन्द्रित र अनुत्तरदायी शैक्षिक जनशक्ति उत्पादन गर्ने कारखाना बनेका छन् ।

बच्चालाई पारिवारिक मानसम्मान, मर्यादा, सामाजिक मूल्यमान्यता कसले सिकाउने हो ? राज्यले हो, सरकारले हो ? पक्कै हैन । परिवार, समाज, विद्यालय र विश्वविद्यालयले नै हो । तर हामीले बालबालिकाहरूलाई कस्तो शिक्षा, संस्कार र समय दिइरहेका छौं, यस विषयमा कहिल्यै सोचिएन ? उनीहरूलाई पारिवारिक मान-सम्मान, मर्यादा, अभिवादनको तरिका र त्यसको मूल्य मान्यताका बारेमा जानकारी गराएनौं । जसले गर्दा बालबालिकाको मस्तिष्कमा नकारात्मक चित्र उत्रन थाल्छन् र अपराधीकरण बढ्छ ।

एकल परिवार, पाश्चात्य संस्कार र संस्कृतिको प्रभावमा बालबालिका हुर्किइरहेका छन् । जब उनीहरू जवान भए, त्यसबेला मात्र उनीहरूबाट संस्कारको अपेक्षा गर्न थालियो । बाल मस्तिष्कमा नभरिएका कुराहरू पछि आएर अपेक्षा गर्नुको कुनै अर्थ रहँदैन । यसर्थ जीवनको सार्थकता, सफलता र सम्पत्ति भनेको संस्कार हो। संस्कारले निष्ठावान् र चारित्रिक बनाउँछ । संस्कारिक जीवनशैलीबाट नै मानव चेतनाले आफूलाई सही र आचरणयुक्त कर्म र व्यवहारमा रूपान्तरण गर्ने सामर्थ्य जुटाएको हुन्छ। कर्म र व्यवहारमा परिष्कृत गरी सामाजिक आदर्शको गन्तव्य निर्धारण गरेको हुन्छ । मानव चेतनाले स्वीकार गरेको संस्कृतिबाटै समाज परिष्कृत हुने हो ।

परिवार नै संस्कारको पहिलो आधार र जननी हो । यसकारण बच्चालाई संस्कार दिने पहिलो कर्तव्य अभिभावक र परिवारको हो । आफ्नो व्यस्ततालाई सहज बनाउन दुई वर्ष नपुग्दै बच्चालाई विद्यालय पठाउने हैन । व्यस्तता घटाएर बच्चा सँगसँगै बस्ने समय मिलाउने हो । बच्चाले सबैभन्दा छिटो बुझ्ने र सिक्ने भनेको आमाबाबुबाटै हो । आमाबाबुले समय दिएको बच्चा संस्कारी र चारित्रिक हुन्छ । अतः सन्तानको लागि सम्पत्ति भनेकै बाल्यकालमा आमाबाबुले दिएको साथ, समय र पारिवारिक संस्कार हो । आजैदेखि गलत अभिभावक हैन, बालबालिकाको साथी बन्न प्रण गरौं ।

# अनुहारमा आएको कोठी हटाउन के गर्ने ?

अनुहारको सौन्दर्यलाई लिएर विभिन्न खालको चिन्ताले सताइरहेको हुन्छ । यसमध्ये पनि अनुहारमा आउने अनावश्यक कोठीले धेरै दुःख दिइरहेको हुन्छ ।

छालाको दुई तह हुन्छ– एपिडर्मिस र डर्मिस । एपिडर्मिसमा मेलानोसाइट भन्ने कोष हुन्छ, जसले छालामा रंग बनाउने काम गर्छ । मेलानोसाइटबाट मेलानो पिग्मेन्ट छालामा जम्मा भयो भने कोठी बन्छ । कोठी वंशाणुगत र घामको विकिरणका कारण आउने गर्छ ।

वंशाणुगत कोठी बर्थमार्क जस्तै हुन्छ, यसलाई कन्जेनिटल नेभस भनिन्छ । यो शरीरको जुनसुकै भागमा आउन सक्छ । त्यस्तै घामको विकिरणले आउने कोठी हुन्छ, जसलाई लेन्टिजेनियस भनिन्छ । औषधिले एकदम स–सानो कोठीलाई मात्र हटाउन सकिन्छ । तर ठूलो–ठूलो र छालाको माथि उठेका कोठी भएमा लेजर वा शल्यक्रियाबाट हटाउनुपर्ने हुन्छ । यस्तोमा औषधिले काम गर्दैन । लेजर वा शल्यक्रिया गर्दा खासै साइट–इफेक्ट हुँदैन । कसैकसैलाई सामान्य दुख्ने, घाउबाट रगत आउने, दाग बस्ने इन्फेक्सन हुन सक्छ ।

त्यस्तै कोठी हटाउने कुनै घरेलु उपाय छैन । तर कतैकतै कोठी हटाउन कोठीमा टुथपेस्ट, चुना, एसिड लगाउने चलन छ । यसले कोठी हट्नुको साटो छालामा एलर्जी तथा नकारात्मक असर मात्र गर्छ । त्यसैले यस्तो कार्य पूर्ण रूपमा बन्द गर्नुपर्छ ।



प्रायः शरीरमा घाम पर्ने ठाउँ जस्तो अनुहार, हातखुट्टा, ढाडमा आउने गर्छ । यो घाममा हिंड्ने वा काम गर्ने मानिसमा आउने सम्भावना बढी हुन्छ । अन्य कोठीहरू शरीरको जुनसुकै भागमा आउन सक्छ ।

यसबाहेक जन्मिएपछि आउने जुनसुकै बेला आउन सक्छ भने कुनै माथिल्लो सतहमा देखिने कोठी, कुनै भित्री भागमा गएर बाहिरी रौं पलाउने कोठी हुन्छ । प्रायः अनुहारमा आउने कोठी वंशाणुगत र घामको कारणले बढी आउने गर्छ ।

## कोठी हटाउन सकिन्छ ?

अनुहारमा वा शरीरको जुनसुकै ठाउँमा आउने तिलकोठीलाई औषधि, लेजर प्रविधि र शल्यक्रियाबाट हटाउन सकिन्छ । तर

## कति लाग्छ खर्च ?

अस्पताल र क्लिनिक अनुसार यसमा लाग्ने खर्च फरक हुन सक्छ । धेरैजसो लेजर र शल्यक्रिया गर्दा लगभग तीन हजारदेखि २५ हजारसम्म लाग्ने गर्छ । साथै कोठीको साइजमा पनि भर पर्छ । किनकि कुनै कोठी एकचोटी लेजर वा शल्यक्रिया गर्दा निस्किन्छ भने कुनै दुई–तीन पटकसम्म गरेर निकाल्नुपर्ने हुन्छ ।

## कोठी आउन नदिन के गर्ने ?

वंशाणुगत तथा जन्मजात भएको कोठीलाई हटाउन सकिंदैन । तर नयाँ आउने कोठीलाई कम गर्न घाममा कम हिंड्ने वा घाममा निस्किंदा सन्सक्रिन लगाएर मात्र निस्किनुपर्छ । यसैगरी समय–समयमा चिकित्सकलाई जाँच गराउन सकिन्छ ।

# निस्क्रिय बस्दा पनि खतरा !



'दैनिक एकबट्टा चुरोट खानेलाई क्यान्सर लाग्ने जति धेरै खतरा छ, त्यो भन्दा धेरै खतरा श्रम, व्यायाम र मेहनतबाट पन्छिएर निस्क्रिय जीवन जिउनेहरूलाई छ ।'

सुख–सुविधा र साधनहरूको उपयोगसँगै अल्छे र निस्क्रिय जीवनशैलीले हाम्रो समाजलाई रोगी बनाउँदैछ । अहिले हरेकको घरमा पुग्नुहोस्, कसै न कसैलाई मधुमेह, उच्च रक्तचाप, युरिक एसिड, नसा च्यापिने, हड्डी खिइने जस्तो रोगले ग्रस्त पाउनुहुनेछ ।

यस्तो समस्याबाट छुटकारा पाउन हामीले आफ्नो दिनचर्यामा श्रम, व्यायाम, खेलकुदजस्ता शारीरिक सक्रियतालाई बढाव दिनैपर्छ ।

## के गर्न सकिन्छ ?

प्रातःभ्रमण (मर्निङ्ग वाकमा) जाने, दौडने, डोरी (स्किपिङ्ग) खेल्ने, पिटी खेल्ने, ट्रेड मिल चलाउने, खेल खेल्ने, पौडी खेल्ने, पैदल यात्रामा जाने, नाच्ने, योग गर्ने, एरोविक्स, जुम्बा, बैले, साल्सा गर्ने, हाइकिङ्ग जाने, बाटामा साइकिल चलाउने, स्टाटिक साइकिल चलाउने, जिम जाने, सिँडी उक्लिने, कम्फुकराँते, उसु खेल्ने, डुङ्गा खियाउने, पानीमा गरिने व्यायामहरू गर्ने, करेसा बारी वा बगैँचाको काममा संलग्न रहने ।

## व्यायाम कस्तो हुनुपर्छ ?

विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य रक्षाका लागि गरिने वैज्ञानिक व्यायाममा निम्न विशेषताहरूलाई अपरिहार्य मानेको छ–

**१. तीव्रता**- व्यायाम मुटु र श्वास–प्रश्वासको गतिलाई बढाउने र एकपल्ट सरर्र पसिना फुटाउन सक्ने बराबरको तिव्र हुनु आवश्यक छ ।

**२. प्रलम्बितता (लम्बिएको)**- व्यायाम कमसेकम १५ देखि ३० मिनेटसम्म नरोकिकन लगातार गरिएको हुनुपर्छ ।

**३. नियमितः** व्यायाम हप्ताको कम्तिमा ३ पल्ट सम्म दोहोरिएको हुनुपर्छ ।

पूर्वीय स्वास्थ्य विज्ञानले दर्शाएअनुरूप वैज्ञानिक व्यायाममा निम्न आयामहरूको समावेश लाई अपरिहार्य मानेको छ –

१. व्यायाम गर्दा एकपल्ट सरर्र पसिना फुट्नुका साथै मुटु र श्वास–प्रश्वासको गति बढ्नुपर्दछ ।

२. एकपल्ट शरीरका सम्पूर्ण जोर्नीहरू चलाइएको हुनुपर्छ ।

३. व्यायाम मांसपेशी र अस्थिपञ्जरहरूको लागि मात्र नभएर शरीरभित्रका कोमल अङ्गहरू, जस्तैः आन्द्रा, भुँडी, मिर्गौला, कलेजो, फियो, फोक्सो, मुटु र मस्तिष्कजस्ता अङ्गहरूलाई प्रभाव पार्ने किसिमको हुनुपर्छ ।

## कसरी गर्ने व्यायाम

१. व्यायाम गर्ने भन्दैमा जथाभावी सुरू गर्नु हुँदैन । यसको पूर्वतयारी पनि गर्नुपर्छ । सकभर प्राकृतिक सौन्दर्यले परिपूर्ण, प्रदूषणरहित, यथेष्ट हावा खेल्ने र प्रकाश भएको ठाउँको चयन गर्नुपर्छ ।

२. सुरू गर्नुभन्दा आधा घण्टा पहिले पर्याप्त र सुरू गर्नु ठिक पहिले दुई घुट्की पानी पिउनुपर्छ भने व्यायाम सकेको लगत्तै पानी पिउनुहुँदैन ।

३. मुटुरोग, मधुमेह, उच्च रक्तचापजस्ता विशेष रोग र अवस्था भएका रोगीले जथाभावी व्यायाम नगरेर चिकित्सकले तोकिदिएको व्यायाम मात्र गर्नुपर्छ ।

४. व्यायाम आफ्नो क्षमताले भ्याएसम्म मात्र गर्नुपर्छ, प्रतिस्पर्धामा आएर, जोसिएर जथाभावी गर्न खोज्नुहुदैन । सुरू गर्नुभन्दा पहिले वार्मिङ्ग (अप र शिथिलिकरण–लुजनिङ्ग) व्यायाम गर्नुपर्ने हुन्छ ।

५. व्यायाम विशेषका पहिरन, जस्तै जुत्ता, पेटी, टी–सर्ट, छन् भने पहिरिएर मात्र गर्नुपर्छ । साथै, यी सामग्रीहरू आरामदायी हुनु अत्यन्त जरूरी छ ।

६. व्यायाम गर्दा आत्तिने, तनावमा आउने



गर्नुहुदैन । निर्धक्क भई निश्चित समय तोकी नियमित गर्नुपर्छ र व्यायाम सकेपछि एकछिन शिथिल हुनुपर्छ ।

## फाइदाहरु -

१. व्यायामले शारीरिक तौल सन्तुलित राख्न मद्दत पुऱ्याउँदछ । नियमितरूपमा व्यायाम गर्दा मोटा–घाटाहरूको तौल घट्ने र दुब्ला–पातलाहरूको तौल बढ्दछ ।

२. व्यायामले मुटु, रक्तनली तथा श्वासप्रश्वासका अङ्गहरूलाई स्वस्थ राख्न मदत पुऱ्याउँछ । नियमित व्यायाम गर्दा रगतमा नराम्रो कोलेस्टेरोल घटेको र राम्रो कोलेस्टेरोल बढेको पाइएको छ, फलतः मुटु तथा रक्तनलीका रोगहरू लाग्ने जोखिम कम हुन जान्छ । उच्च रक्तचाप घटाउन र निम्न रक्तचाप बढाउन व्यायामले सहयोग पुऱ्याउँछ भने मधुमेह नियन्त्रणमा पनि व्यायामले अहम् भूमिका खेल्छ ।

३. तनाव नियन्त्रणमा व्यायामको ठुलो हात छ । व्यायाम गरेरै चिन्ता, नैराश्य, भय र उदासीनताजस्ता मानसिक समस्याहरूमाथि लगाम लगाउन सकिन्छ । व्यायाम गरिसकेपछि मुड फ्रेस हुन्छ, आत्मविश्वास र सिर्जनशीलता बढ्छ, स्मृति, लय, ध्यान र एकाग्रताजस्ता मानसिक प्रक्रियाहरू तन्दुरुस्त हुन्छन् । लामो समयसम्म व्यायाम गर्दा मस्तिष्कको संज्ञानात्मक क्षमतामा ह्रास हुन पाउँदैन ।

४. मांसपेशी, अस्थिपञ्जर र स्नायु प्रणालीलाई मजबुत बनाउँदछ । रक्त शुद्धीकरण गराउँदछ । पाचन क्षमता बढाउँछ । अपच, अजीर्ण, अम्लपित्त ग्यास्ट्रिक, कब्जियतजस्ता समस्या निराकरण गर्न मदत पुऱ्याउँदछ ।

५. कुलतबाट छुटकारा पाउन पनि व्यायामले मदत पुऱ्याउँदछ ।

६. व्यायाम गर्ने बानीले शारीरिक मानसिक र यौनक्षमता बढाउँदछ ।

७. क्यान्सर प्रतिरोधकता बढाउन पनि व्यायामले सहयोग पुऱ्याउँदछ ।

८. नसर्ने रोगहरूको रोकथाममा ठुलो टेवा पुऱ्याउँछ ।

९. अनिद्राको समस्या भएकाहरूलाई विशेष लाभ पुऱ्याउँछ ।

१०. चाँडै बुढो हुन दिँदैन ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# कुलेखानी मार्खु सडक बन्द, मोहिनी झरना पर्यटन मार्ग खुल्ला

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका क्षेत्रमा पर्ने विभिन्न सडक मर्मत संभार का लागि आवागमन स्थगित गरिएको छ । कुलेखानी-कलंकी-सिम्लाङ-मार्खु-विसिङ्खेल पर्यटन मार्ग निर्माण कार्य भैरहेको पालिकाको १ नम्बर वडा कार्यालयले सूचना प्रकाशन गरी जानकारी दिएको छ ।

वडा अध्यक्ष सुवास थापा मगरले ९ वैशाखमा सूचना प्रकाशन गर्दै हेटौंडा काठमाण्डौ, काठमाण्डौं हेटौडा यात्रा गर्ने यात्रुहरूले वडा नम्बर १ को सिमखोला-सानुमार्खु-टौमाठ ठाडोखोला (मोहिनी) झरना शेराखोला पर्यटन मार्ग हुँदै विसिङखेल चित्लाङ सडक प्रयोग गर्न भनेका छन् । पालिका क्षेत्रको सडकहरू मर्मत भैरहेकोले यात्रुहरूको असुविधालाई ध्यानमा राखी वडाध्यक्ष थापा मगरले सूचना प्रकाशन गरेका हुन् ।



मर्मत संभारका लागि अहिले इन्द्रसरोवर गाउँपालिका क्षेत्रमा पर्ने सिस्नेरी मदनभण्डारी मार्ग, फाखेल फर्पिङ मार्ग, कुलेखानी-चखेल मातातिर्थ राजमार्गलगायतका सडकहरू मर्मत संभार तथा स्तरीकरण भैरहेका छन् ।

# बजेट बनाउन बागमती प्रदेशले सुझाव माग्यो

◆ विकास संवाददाता

बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी वर्षमा बजेट बनाउनका लागि सबै पक्षसंग सुझाब माग गरेको छ । प्रदेश सरकारले बजेट बनाउनका लागि इमले मार्फत आफ्ना सुझावहरू संकलनमा लागि माग गरिएको हो ।

मन्त्रालयले सबै क्षेत्रको सुझाब अनुसार बजेट बनाउका लागि सहज होस भन्ने उद्देश्यले सूचना जारी गर्दै बजेटका बारेमा सुझाब मागेको छ । मन्त्रालयले आगामी आर्थिक वर्ष २०८१-२०८२ का लागि बजेट निर्माणको कामको थालनी गर्न थालेको छ । त्यही अनुसार विभिन्न चरणमा छलफल समेत गरिरहेको छ ।

बजेट बनाउनका लागि विभिन्न क्षेत्रसंग छलफल पनि गर्ने र सार्वजनिक सूचना प्रकाशन गरेर इमले मार्फत सुझाव पनि माग गरिएको प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री जगनाथ थपलियाले बताए ।

# पानी नपरेपछि बाली सुक्न थाल्यो

◆ विकास संवाददाता

आकासे वर्षा नहुँदा मकवानपुरमा तरकारी संगै अन्नबाली पनि सुक्न थालेको छ । किसानले खोलाको पानी लगाउने गरी र आकाशको पानीका भरमा रोपेको चैते धान सुक्न थालेको छ । पानी नपरेकाले खेतबारीमा लगाइएको तरकारी खेतीनै सखाप हुन थालेको किसानहरू बताउँछन् ।

चैते धान रोपेदेखि पानी नपर्दा खेतमा धाँजा फाटेको छ । यो वर्ष खेतबारीमा लगाइएको तरकारी र अन्नबालीमा निकै सुख्खा हुँदा थप समस्या भएको मकवानपुरगढीका किसान महारत्न सापकोटा बताउँछन् । यो वर्ष जिल्लामा चैते धान खेती विस्तार भएको अवस्थामा सुरुमै खडेरीले प्रभाव पारेको छ ।

यो वर्ष चैते धान रोपिएकोमा आकासे वर्षा नहुँदा बाली प्रभावित बनेको किसानहरू बताउँछन् । पानी लाग्नका लागि सहज भएका स्थानमा समेत खोलाको पानी सुक्न थालेपछी थप समस्या भएको उनीहरूको गुनासो रहेको छ ।

मकवानपुरको हेटौंडा उपमहानगर पालिका, मकवानपुरगढी गाउँपालिका, थाहा नगरपालिका, भीमफेदी गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका लगायतका क्षेत्रमा पानी पर्ने आसमा खेतबारीमा लगाइएका अन्नबाली र तरकारी बाली नष्ट हुन थालेको किसानहरू बताउँछन् ।



# बागमती गाँउपालिकामा 'शिक्षक बैंक' स्थापना गरिदै

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाँउपालिकाले शिक्षक बैंक स्थापना गर्ने भएको छ । पालिकास्तरीय शिक्षा समितिको गत १७ चैतमा भएको निर्णय अनुसार "शिक्षक बैंक ब्यवस्थापन कार्यबिधि, २०८०" बमोजिम शिक्षक बैंक स्थापना गर्ने भएको हो ।

शिक्षक बैंक अन्तर्गत "शिक्षक प्रतीक्षा सुचि" रहनेछ । पालिका अन्तर्गत रहेका सामुदायिक विदयालयमा कार्यरत शिक्षक लामो समय विदामा बस्दा विदा अवधिभर उक्त प्रतीक्षा सुचिमा सुचिकृत शिक्षकलाई खटाईने जनाईएको छ । शिक्षक लामो समय विदामा बस्दा नियमित पठन-पाठनमा पर्ने प्रतिकुल असरलाई व्यवस्थित गरि पठन-पाठन कार्यलाई नियमित्ता प्रदान गर्ने उदेश्यका साथ शिक्षक बैंक स्थापना गर्नु पर्ने भएको सुचनामा उल्लेख गरिएको छ । सामुदायिक विदयालयका शिक्षकहरूले शिक्षा ऐन तथा नियमावली बमोजिम पाउने विविध प्रकारका बिदाहरू कुनै न कुनै बेला उपयोग गर्छन् । कतिपय विद्यालयमा रित्त अस्थाई दरबन्दी रहेको अवस्था पनि छ । सो अवस्थामा यस शिक्षक बैंकले दैनिक शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिने र नव शिक्षकहरूलाई थप शिक्षणको तयारी सँगै आर्थिक रूपमा पनि टेवा पुग्ने सामाजिक विकास शाखा संयोजक कमान सिं पाख्रिनले बताए ।

सुचनामा बालविकास केन्द्र सहजकर्ता, प्रा.वि., नि.मा.वि र मा.वि. तहका लागि दरखास्त आह्वान गरिएको छ । बालविकास र गापा अनुदानका लागि स्थाई अध्यापन अनुमती पत्र अनिवार्य गरिएको छैन । अस्थाई र करारको लागि भने ऐन तथा नियमानुसार सिफारिस हुने जनाईएको छ ।

नि.मा.वि.र मा.वि. तहको लागि विषयगत शिक्षक माग गरिएको छ । जसमा अंग्रेजी, गणित, विज्ञान र कम्प्युटरका लागि बिषयगत रूपमा दर खास्त दिन सकिनेछ । शिक्षक बैंक अन्तर्गत रहने शिक्षक प्रतीक्षा सुचिमा सुचिकृत हुन ईच्छुक र योग्यता पुगेका व्यक्तिहरूका लागि पालिकाले दरखास्त आह्वान गरेको छ । दरखास्तको समय सुचना प्रकाशित मितिबाट १५ दिन भित्र सानिमा बैंकमा रहेको पालिकाको आन्तरिक राजश्व शिर्षकमा जम्मा गरि एको भौचर सहितको दरखास्तको लागि बागमती गाँउ कार्यपालिकाको कार्यलयमा सम्पर्क गर्न भनिएको छ ।

बागमती गाँउपालिका भरी जम्मा ५० वटा सामुदायिक विद्यालयहरू छन । जस अन्तर्गत प्रा.वि ३५ वटा, निमावि १० वटा र मावि ५ वटा रहेको छ ।

# राक्सिराङ गाउँपालिकामा गाउँटोलमै एकीकृत सेवा

◆ विकास संवाददाता

मकवानपुरको एक दुर्गम गाउँपालिकाले स्थानीयवासी घरदैलोमा पुगेर सेवा प्रदान गरेको छ । राक्सिराङ गाउँपालिकाले घरघरमै पुगेर बिरामी स्वास्थ्य परीक्षण, निःशुल्क औषधि वितरण, कृषिलगायत एकीकृत सेवा प्रदान गरेको हो । *'सेवा लिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार'* भन्ने नाराका साथ गत आर्थिक वर्षदेखि सुरु गरेको उक्त गाउँपालिकाले गाउँटोलमै पुगेर एकीकृत सेवा दिने कार्यक्रमलाई निरन्तरता दिएको हो ।

कार्यक्रम निरन्तरताको क्रममा गाउँपालिकाले सोमबारबाट विभिन्न वडालाई समेटेर एकीकृत सेवा सुरू गरेको हो । पालिकाले १, २ र ३ नम्बर वडालाई समेटेर १० वैशाखमा राक्सिराङ-२ को कुडुलेमा एकीकृत घुम्ती शिविर संचालन गरेको थियो । शिविरमा सहकारी जागरण कार्यक्रमअन्तर्गत सहकारी सेवा पहुँच र उपभोग प्रवर्द्धन कार्यक्रम, कृषि विकास कार्यक्रमअन्तर्गत मिनी ट्रिलर, कम्वाइन मिल, टनेल प्लास्टिकलगायत सामग्री वितरण, पशु सेवा कार्यक्रमअन्तर्गत पशु औषधि तथा घाँसको बिउ वितरण कार्यक्रम, स्वास्थ्य परीक्षण, निःशुल्क औषधि वितरण र अपांगता जाँच र परिचयपत्र वितरण कार्यक्रम गरिएको थियो ।

गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले उद्घाटन गरेको कार्यक्रममा ज्येष्ठ नागरिक तथा अशक्त तथा हिँड्न नसक्ने बिरामीहरूको घरघरमै पुगी स्वास्थ्य जाँच र निःशुल्क औषधिको समेत वितरण गरि एको थियो । एकीकृत शिविरमा ३ सय ११ जनाको सामान्य उपचार गरिएको थियो भने २२ जना गम्भीर बिरामीलाई विशेष उपचार गरिएको थियो ।

यसैगरी ३ सय ६ जनालाई निःशुल्क औषधि वितरण गरिएको थियो । कृषितर्फ २९० जनालाई तरकारीको बिउ वितरण गरिएको थियो । पशु सेवातर्फ २३० जनालाई घाँसको बिउ वितरण गरिएको थियो भने २५१ जना किसानलाई पशुपंक्षीका विभिन्न रोग विरूद्धका औषधि निःशुल्क वितरण गरिएको थियो । शिविरमा ११ जनाको अपांगता परीक्षणको लागि निवेदन संकलन गरिएको थियो । ३ जना अपांगलाई ह्विीलचियर र वैशाखीजस्ता सहायक सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ । १० जना ज्येष्ठ नागरिकलाई घरघरमै पुगी फलफूल, पौष्टिक आहारसहित सम्मानसमेत गरिएको थियो ।

कार्यक्रममा राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष वनस्तमलगायत १,२, र ३ नम्वर वडाका अध्यक्षहरूको उपस्थिति रहेको थियो । ९ वटा वडामा विभाजित राक्सिराङ गाउँपालिकामा करिब २६ हजार जनसंख्या रहेको छ ।



# थाहानगरका पालिकाले थाल्यो सहकारी अनुगमन



◆ विकास संवाददाता

थाहा नगरपालिकाले पालिका मातहतका सहकारी संस्थाहरूको अनुगमन थालेको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीको संयोजकत्वमा १६ वैशाखमा थाहानगरका सहकारी संस्थाहरूको सहकारी संस्थाको अनुगमन गरिएको छ ।

सहकारी संस्थाहरू सहकारी ऐन नियम तथा विनियम विपरीत सञ्चालन भए नभएको अवस्था बारे जानकारी लिन नगरपालिकाले अनुगमन थालेको बताइएको छ । नगरपालिका भित्र रहेका सबै सहकारी गरी अनुगमन थालिएको थाहा नगर सहकारी शाखाका प्रमुख अस्मिता तिवारी घिमिरेले जानकारी दिइन् । अनुगमनका क्रममा सहकारी सञ्चालक समिति निर्वाचित हुने प्रक्रिया, ऋण लगानी, ब्याज, प्रवेश शुल्क, सेवा शुल्क,लगायतको विषयहरूमा निगरानी गरिएको छ ।

सहकारीले लगानी गरेको ऋणको जोखीम, सहकारीको सुशासन पनि अनुगमनमा मूल्याङ्कन गरिने अनुगमन संयोजक तथा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जानकारी दिए ।

# आँखा केन्द्र पालुङलाई वाटर डिस्पेन्सर सहयोग



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ का वडा सदस्य कृष्ण कुमार कार्कीले आफ्नो स्वर्गीय बुबा दल बहादुर कार्कीको सम्झनामा सामुदायिक आँखा केन्द्र पालुङलाई वाटर डिस्पेन्सर सहयोग गरेका छन् ।

कार्कीले १६ वैशाखमा आँखा केन्द्रमै पुगेर सामाग्री हस्तान्तरण गरेका हुन् । वडा सदस्य कार्कीले अस्पतालमा आउने सेवाग्राहीहरूका लागि स्वच्छ खानेपानी पिउन सहज होस भने सहयोग गरेका बताए ।

सामाग्री वितरण कार्यक्रममा थाहानगर को ३ नम्बर वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीको समेत उपस्थिती रहेको थियो ।

## बोर्ड अफ ट्रस्टिजको अध्यक्षमा पुनः गोपाली

◆ विकास संवाददाता

पालुङ जेसीजको बोर्ड अफ ट्रस्टिजको साधारण सभा १५ बैशाखमा थाहा नगरपालिका-१ झम्केश्वरी माविको सभाहलमा सम्पन्न भएको छ ।

ट्रस्टिजका अध्यक्ष खड्ग गोपालीको अध्यक्षता तथा पालुङ जेसीजका संस्थापक अध्यक्ष पुरूषोत्तम ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न सभाले वार्षिक प्रतिवेदनहरू पारित गरेको छ ।

सभाले अर्को कार्यकालका लागि पुनः गोपालीको अध्यक्षतामा पालुङ जेसीज बोर्ड अफ ट्रस्टिज चयन गरेको छ । ट्रस्टिजको पदेन सचिब निरज रायमाझी रहेका छन् भने कोषाध्यक्षमा पुनः वर्ष २०१४ का अध्यक्ष प्रदिप प्रधान चयन भएका छन् ।

# बकैयालाई मकवानपुर जिल्लास्तरीय खुल्ला कराते प्रतियोगिताको उपाधि

◆ विकास संवाददाता

मकवानपुर जिल्लास्तरीय खुल्ला कराते प्रतियोगिताको उपाधि बकैया गाउँपालिकाले हात पारेको छ । जिल्लाको थाहा नगरपालिकाको पालुङ क्याम्पसको खेल मैदानमा १५ वैशाखमा भएको प्रतियोगितामा ९ स्वर्णसहित ७ रजत तथा ७ कास्य पदक हात पार्दै उपाधि चुमेको हो ।

थाहानगर खेलकुद विकास समितिको आयोजना तथा थाहा कराते महासंघको व्यवस्थापनमा भएको प्रतियोगितामा ६ स्वर्ण पदक हात पार्दै स्वच्छन्द भैरव कराते डोजो थाहानगर चित्लाङ टिम दोस्रो भएको छ । स्वच्छन्दले २ रजत र ९ कास्य हात पारेको छ । ३ स्वर्ण पदक ,४ रजत पदक र ६ कास्य जित्दै थाहा कराते डोजो तेस्रो भएको छ ।

प्रतियोगितामा पुरूष तर्फ स्वच्छन्द भैरव डोजोका इनेश बलामी उत्कृष्ट खेलाडी घोषित भए । थाहा डोजोकी सुस्मिता दोङ महिलातर्फ उत्कृष्ट खेलाडी घोषित भइन् । विजेता खेलाडी तथा उत्कृष्ट टिम र खेलाडीलाई शिल्ड मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो ।



१५ वैशाखमा एक समारोहकाबीच थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपालीले प्रतियोगिताको उद्घाटन गरेका थिए । प्रतियोगिताको उद्घाटन गर्दै गोपालीले थाहा नगरपालिकाले खेलकुद क्षेत्रको विकासको लागि सहयोग गर्दै आएको बताए । गोपालीले नगरमा आयोजना हुने सबै खेललाई समान महत्व दिएको धारणा राखे । उनले खेलाडी र ाष्ट्रका गहना भएकाले अनुशासित भएर खेल्नु पर्नेमा सुझाव दिए ।

प्रतियोगितामा मकवानपुर जिल्लाका ६ पालिकाका ९ वटा डोजोको सहभागिता रहेको प्रतियोगिताका संयोजक मानसिं दोङले जानकारी दिए । प्रतियोगितामा बकैया डोजो, स्वच्छन्द भैरव डोजो, थाहा डोजो, लेवट डोजो, मकवानपुर डोजो, बज्रवाराही डोजो, बागमती डोजो, हेटौंडा डोजो, थानाभन्ज्याङ डोजो र गढी डोजोको सहभागिता रहेको थियो ।

थाहानगर खेलकुद विकास समिति संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा भएको कार्यक्रममा थाहा ९ का अध्यक्ष राजकुमार बलामी, पालुङ बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्ण बहादुर बिष्ट, सुन्दरीदेवी माविका प्रअ हरिकृष्ण कार्की, प्रशिक्षणक तथा र `प्रगीहरू, स्थानीय संघसंस्थाका प्रतिनीधिहरूलगायतको उपस्थिति रहेको थियो ।

## शिखरकोटमा दलित मुक्तिमोर्चाको थाहानगर स्तरीय प्रशिक्षण

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र निकट नेपाल दलित मुक्तिमोर्चाको थाहा नगरस्तरीय प्रशिक्षण कार्यक्रम ११ वैशाखमा भएको छ । थाहानगरको शंकर होटलमाकार्यक्रम भएको हो ।

प्रशिक्षण कार्यक्रममा थाहानगरका १२ वटै वडाबाट दलित मुक्ति मोर्चाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूलाई नेपाल दलित मुक्ति मोर्चाको केन्द्रीय उपमहासचिव एवम् नेकपा माओवादी केन्द्र बागमती प्रदेश स्कुलिङ विभाग प्रमुख गणेश विश्वकर्मा, नेकपा माओवादी केन्द्र प्रदेश कमिटि सदस्य एवम् जिल्ला समन्वय समिति संयोजक भिम पाखिन, सचिव वीर बहादुर घलान ज्वाला, प्रदेश कमिटि सदस्य ललित घलान, जिल्ला समन्वय समिति सदस्य अरूण रायमाझी, नेकपा माओवादी केन्द्र थाहानगर सचिव लक्ष्मण बिष्ट, मकवानपुर जिल्ला अध्यक्ष जमिन दियाली लगायतले प्रशिक्षण दिएको नेपाल दलित मुक्ति मोर्चा थाहा नगर कमिटि सचिव सुरेन नेपालीले बताए ।

थाहानगर कमिटि अध्यक्ष पहलमान परियारको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि
अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरु गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

ट्याङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# बागमती प्रदेशका सबै मन्त्रालयले बजेट सिलिङ पाए

◆ विकास संवाददाता

राजस्व संकलन उल्लेख्य मात्रामा घटेपछि बागमती सरकारले आगामी आर्थिक वर्षको बजेट सिलिङ पनि घटाएको छ । कर, दस्तुर र संघीय सरकारले दिने अनुदान घटेपछि आगामी बजेट पनि घट्ने निश्चित भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ ।

आर्थिक मामिला मन्त्रालयले सबै मन्त्रालयलाई १३ वैशाखमा बजेटको सिलिङ पठाएको छ । 'बजेट सिलिङ समग्रमा ११ प्रतिशतले घटेको छ', मन्त्रालयका उपसचिव लक्ष्मी रिमालले भने । उनका अनुसार बजेटको स्रोत घटेपछि पुँजीगत खर्च कटौती गरिएको छ । 'चालू बजेट घटाउनै मिलेन, घटे पनि १/२ प्रतिशत मात्रै हो । अनिवार्य दायित्व पनि हुन्छ । चालू घटाएर कार्यालय सञ्चालन, कर्मचारीको तलब, भत्ता कसरी व्यवस्थापन गर्नु ? धेरै दवाब पुँजीगत बजेटमै पर्छ', रिमालले भने ।

उक्त सिलिङभित्र रहेर मन्त्रालयहरूले १० जेठ २०८१ भित्र आफ्ना योजनाहरू आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने छ । मन्त्रालयका अधिकारीहरूले भने बजेटको सिलिङ घटाउँदा हाल सञ्चालित बहुवर्षीय योजना कार्यान्वयनमा समस्या पर्ने बताएका छन् । चालु आर्थिक वर्षको बजेटमा राजस्वको हिस्सा २६ अर्ब ६८ करोड ६८ लाख ४० हजार रूपैयाँ थियो । जसमध्ये चैत मसान्तसम्म १४ अर्ब ३९ करोड ३९ लाख रूपैयाँ राजस्व बाँडफाँटबाट प्राप्त भएको मन्त्रालयले जानकारी दिएको छ ।

आर्थिक मामिला मन्त्रालयका सूचना अधिकारी डा अर्जुन आचार्यका अनुसार चालु आर्थिक वर्षको हालसम्म हालसम्म सवारी कर ४ अर्ब ९५ करोड २६ लाख रूपैयाँ, मूल्य अभिवृद्धि कर बाँडफाँटबाट ४ अर्ब ५४ करोड ४४ लाख, घरजग्गा र जिष्ट्रेशन दस्तुरबापत २ अर्ब ५२ करोड ७२ लाख, अन्त शुल्कबाट एक अर्ब ४९ करोड ५६ लाख रूपैयाँ प्राप्त भएको छ ।

त्यस्तै संघीय सरकारले अनुदानबापत कुल १७ अर्ब ८१ करोड २३ लाख रूपैयाँ दिने अनुमान गरिएकोमा चैत मसान्तसम्म ८ अर्ब २० करोड ८८ लाख ५३ हजार ९८८ रूपैयाँ मात्र प्राप्त भएको छ । प्रदेश सरकारले ३ अर्ब ७५ करोड ५२ लाख रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेकामा हालसम्म २ अर्ब ६७ करोड ४७ लाख रूपैयाँ संकलन गरेको छ । बागमती सरकारले चालू आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रूपैयाँको बजेट ल्याएको थियो । जसमा चालूतर्फ २६ अर्ब ७० करोड २७ लाख ६९ हजार, पुँजीगततर्फ ३५ अर्ब ५० करोड ६३ लाख ९ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रूपैयाँ विनियोजन गरिएको थियो ।

बजेटको स्रोतमध्ये कर राजस्वबाट २५ अर्ब १७ करोड २६ लाख र अन्य राजस्वबाट ५ अर्ब २६ करोड ९४ लाख, संघीय सरकारको वित्तीय हस्तान्तरणबाट १७ अर्ब ८१ करोड २३ लाख, चालू आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र अन्य प्राप्तिबाट १४ अर्ब ४५ करोड ४७ लाख रूपैयाँ राखिएको थियो । बागमतीमा धेरै बजेट पाउने मन्त्रालयमा भौतिक पूर्वाधार विकास, खानेपानी, उर्जा तथा सिचाईं, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय छन् । चालू आर्थिक वर्षमा भौतिक पूर्वाधारले २१ अर्ब ६८ करोड ३८ लाख ७८ हजार ५००, खानेपानीले ७ अर्ब ४८ करोड ६९ लाख ८३ हजार र सामाजिक विकासले ४ अर्ब ६२ लाख १७ हजार र स्वास्थ्य मन्त्रालयले ४ अर्ब २४ करोड १७ लाख ७९ हजार बजेट पाएका थिए ।

भौतिक पूर्वाधार मन्त्रालयका सचिव अमृत श्रेष्ठले बजेट सिलिङ घट्दा बहुवर्षीय योजनाहरूलाई सम्बोधन गर्न अप्ठेरो हुने बताए । गत वर्षदेखि नै मन्त्रालयले ९९ वटा सडक र ७८ वटा पुलको योजना कार्यान्वयन गरिरहेको छ ।


## श्रमिकको अधिकार सुनिश्चित गरौं !

- श्रम र श्रमिकको सम्मान गरौं ।
- श्रमको उचित मुल्य प्रदान गरौं, श्रम शोषणको अन्त्य गरौं
- कामदारको सुरक्षा र स्वास्थ्यमा लगानी गरौं ।
- श्रमिकको सामाजिक सुरक्षा सुनिश्चित गरौं
- मर्यादित श्रमको प्रबर्द्धन गरौं ।
- उद्योग प्रतिष्ठानमा सुरक्षित कार्यवातावरण सुनिश्चित गरौं ।
- श्रमिक र रोजगारदाताबीच सौहाद्रपूर्ण सम्बन्ध कायम गरौं ।
- श्रमिकको योगदानको कदर गरौं ।

*"श्रमको सम्मान, राष्ट्रको अभियान" अन्तराष्ट्रिय श्रमिक दिवस भव्य रुपमा मनाऔं !*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## वन डढेलो सम्बन्धि जरुरी सूचना !

आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौं ।

### डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरू बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, मट्टीतेल जस्ता प्रज्वलनशील पदार्थहरू सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरू हिंड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर(कुसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौ र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरून्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

**थाहा नगरपालिका**
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर, मकवानपुर

## रेबिजबारे जानकारी



**रेबिज, कुकुर तथा अन्य जंगली जनावरहरुको टोकाईबाट मानिसमा सर्ने प्राणघातक रोग हो ।**

**कुकुरले टोकेको स्थानमा तुरुन्तै साबुनपानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं ।**

**सबै उमेरका कुकुरले टोकेपछि तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाह बमोजिम रेबिज विरुद्धको खोप लगाऔं ।**

याद राखौं, रेबिज रोग लागेपछि उपचार हुँदैन, तर समयमै रेबिज विरुद्धको खोप लगाउन सकेमा बच्न सकिन्छ ।

**थाहा नगरपालिका**
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

**नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।**

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी